# विद्यार्थीहरू किन लयबद्ध कविता वाचनमा कमजोर छन ?

# शीर्षकमा तयार पारिएको

## कार्यमुलक अनुसन्धान

**शिक्षकको नाम**: हेमन्त पराजुली
**तह,श्रेणी:** नि. मा. वि., तृतीय
सिट रोल नं.
**शिक्षण गर्ने विषय**: नेपाली

**भगवती नमुना माध्यमिक विद्यालय**

**कालीगण्डकी-०७, मिर्मी, ढाव, स्याङ्जा**

## १. अध्ययनको परिचय :

म भगवती नमुना माध्यमिक विद्यालयको आधारभुत तह (नि.मा.वि)को नेपाली विषय शिक्षक हुँ, मैले कक्षा ८ देखि ११ सम्मका विद्यार्थीहरूलाई नेपाली भाषा विषय सिकाउँछु । मेरा अधिकांश विद्यार्थीहरू नेपाली विषयमा समावेश गरिने साहित्यको पद्य विधा अन्तर्गत पर्ने कविता वाचनमा निकै कमजोर छन् । मेरो यो अध्ययन कक्षा ८ का विद्यार्थीहरूमा केन्द्रित छ । कक्षा ८ मा १८ जना विद्यार्थीहरू छन् । विभिन्न जातजातिगत पृष्ठभूमिबाट आएका उनीहरूमध्ये केही विद्यार्थीले नेपाली भाषालाई दोस्रो भाषाका रूपमा प्रयोग गर्दछन् । तल्लो कक्षादेखि नै नेपाली विषय अन्तर्गत कविता विधासँग परिचित हुँदै आएका उनीहरू ८ कक्षासम्म आइपुग्दा पनि गति, यति र लयका साथ स्पष्टसँग कविताको शुद्ध वाचन गर्न नसक्नुले मलाई थप चुनौति दिएको छ । पाठ्यक्रमले कविता विधाबाट लयबोध, भाववोध जस्ता विशिष्ट सिपको अपेक्षा गरेको छ । कविता वाचनमा अभ्यस्त नहुँदा लयबोध र भावग्रहणमा समस्या उत्पन्न भई ज्ञानार्जनमै अवरोध हुन पुग्छ, त्यसैले मेरा विद्यार्थीहरू ८ कक्षासम्म आइपुग्दा पनि किन लय वाचनमा कमजोर छन् ? के कारणले उनीहरूलाई अवरोध गरिरहेको छ ? भन्ने कुरामा नै मेरो यो अध्ययन केन्द्रित रहेको छ ।

## २. अध्ययनको उद्देश्य

- शिक्षकको पेशागत दक्षता अभिवृद्धि गर्ने,
- शिक्षणको सिलसिलामा देखिएका समस्या समाधानका लागि शैक्षिक सामग्रीको रुपमा प्रविधिको प्रयोग गर्न,
- व्यक्तिगत भिन्नताको पहिचान गर्दै खोजविधिमा शिक्षकलाई अग्रसर बनाउने ।
- कविता विधा शिक्षणका क्रममा देखिएको लय वाचन सम्बन्धि समस्याको समाधान गर्ने,
- आफ्नो कार्यशैलीमा सुधार सहितको परिवर्तन ल्याउने ।

## ३. समस्याको पहिचान

विद्यार्थीहरूमा कविताको लय वाचन सम्बन्धि समस्या देखेपछि मैले त्यो समस्या समाधान गर्नका निम्ति उक्त समस्याको जड पत्ता लगाउनु पर्ने देखियो । यसैकारण अनुसन्धानका लागि वास्तविक तथ्याङ्क संकलन गर्न मैले निम्न उपकरणहरू प्रयोग गरेँ ।

### क) निर्देशित कविताको वाचन

सबैभन्दा पहिले मैले मेरा विद्यार्थीहरुको लय वाचन सिपमा प्रवीणता नाप्न पाठ्यपुस्तक अन्तर्गतको एउटा कविता दिई विद्यार्थीहरुलाई लयवाचन गर्न लगाएँ ।

***परीक्षणको नतिजा***

कूल विद्यार्थी संख्या : १८

उपस्थित विद्यार्थी संख्या : १७

गति, यति र लयका साथ कविता वाचन गर्ने विद्यार्थी सङ्ख्याः १

गति, यति र लय नमिलाई कविता वाचन गर्ने विद्यार्थी सङ्ख्या : ११

कविता वाचन गर्नै नसक्ने विद्यार्थी सङ्ख्या : ६

यस तथ्याङ्कबाट यो कुरा स्पष्ट हुन्छ कि मेरा कक्षा ८ का करिब ६५ प्रतिशतभन्दा बढी विद्यार्थीहरुले कविता वाचनको सुरुवात पनि गर्नै सक्दैनन् भने कक्षाका करिब बत्तिस प्रतिशत विद्यार्थीहरुले गति, यति र लयका साथ कविता वाचन गर्न सक्दैनन् । यस्तो समस्या देखिनु मेरो लागि एक चिन्ताको विषय हो ।

### ख) वस्तुगत प्रश्नावली

विद्यार्थीहरुले कविता वाचन गर्न नसक्नुका पछाडि म कहाँनिर चुकें भन्ने कुरा पत्ता लगाउन लागि लयवाचन अभ्यास गराए लगत्तै मैले एकएक सेट वस्तुगत प्रश्नावली तयार गरेर प्रत्येक विद्यार्थीहरुलाई दिएँ । प्रश्नावली र तिनको नतिजा यस्तो थियो :

- **के तपाईंलाई कविता वाचन गर्न मन पर्छ** ?
  क) मन पर्छ (८८% विद्यार्थी)
  ख) मन पर्दैन (१२% विद्यार्थी)
- **के तपाईले यो कविताको लय सुन्नुभएको थिएन** ?
  क) सुनेको थिएँ, ( ८१% विद्यार्थी)
  ख) सुनेको थिइनँ (१९% विद्यार्थी )
- **कविताको लय थाहा भएर पनि तपाईंले वाचन गर्न नसक्नुको कारण के होला ?**
  क) मलाई कविता वाचन गर्न लाज लाग्छ । (४०% विद्यार्थी)
  ख) मैले पर्याप्त अभ्यासको मौका पाइनँ । (५०% विद्यार्थी)
  ग) मलाई कवितामा भएका शब्दहरु उच्चारण गर्न गाह्रो लाग्छ । ( १०% विद्यार्थी)
  घ) यी बाहेक अन्य कारण भए उल्लेख गर्नुहोस् । (०% विद्यार्थी)

यी तथ्याङ्कहरु संकलन पछि मलाई थाहा भयो कि, मेरा विद्यार्थीहरुले तीन कारणले गर्दा कविता वाचनमा कमजोर बनेका रहेछन् । पहिलो कारण विद्यार्थीहरुमा लज्जा देखियो भने दोस्रो कारण लयवाचनका लागि कक्षामा पर्याप्त क्रियाकलाप नगराइनु वा पर्याप्त अभ्यासका लागि समय नखर्चिनु देखियो । त्यस्तै तेस्रो कारण चाहिँ नवीन शब्दहरुको उच्चारण गर्न नसक्नु देखियो । त्यसपछि मैले यो समस्या निराकरणका लागि निम्नानुसारको योजना गराएँ ।

**४. योजना : (प्रथम चक्र)**

प्रस्तुत समस्यामा कार्यमूलक अनुसन्धान कार्य गर्नका लागि समस्या पहिचानमा देखिएका समस्याहरूमध्ये दुवै विकल्पलाई अनुसन्धानको आधार मानी प्रस्तुत कार्ययोजना तयार गरें ।

| **क्र.सं.** | **के गर्ने** ? | **किन गर्ने** ? | **कसरी गर्ने** ? | **कहिले गर्ने** ? |
|---|---|---|---|---|
| १. | विभिन्न कविता सुनाउने | लयवाचन तरिका र कवितामा हुने शब्दोच्चारण बारे जानकारी दिन । | मोबाइल वा स्पिकर प्रयोग गरी | हप्तामा एक पटक प्रत्येक शुक्रबार |
| २. | लय सजिलो भएका गीति कविताहरू वाचन गराउने | विद्यार्थीहरुमा भएको लज्जा हटाउन । | समाजमा प्रचलित लोकगीत सङ्कलन गर्न लगाएर | प्रत्येक शुक्रबार १ नं को क्रियाकलाप पश्चात |
| ३. | सामुहिक रुपमा मन पर्ने गीत गायन | लयवाचनमा अभ्यस्त गराउन । | स्वर राम्रो भएका विद्यार्थीलाई प्रोत्साहन गरेर | हप्ताको एक दिन प्रत्येक सोमबार |
| ४. | निर्देशित कविताको नमुना वाचन,सामुहिक वाचन,एकल वाचन | गति, यति, लय र शुद्धोच्चारण सहित वाचन अभ्यास गराउन । | शिक्षक र विद्यार्थीको सक्रियतामा | प्रत्येक पाठ सकिंदाको अन्तिम दिन |

**५. कार्यान्वयन :**

मैले योजनामा उल्लेख गरे अनुसारकै प्रक्रिया पूरा गरी उद्देश्य पुरा गर्नका लागि अनुसन्धान प्रक्रियालाई कार्यान्वयन गरेको थिएँ । कार्यान्वयन तथा क्रियाकलाप सञ्चालन गर्ने सन्दर्भमा क्रमैसँग गरिएका कामकुराहरूको विवरण बुँदागत रूपमा यसप्रकार रहेका छन् :

- प्रथमतः कक्षा सञ्चालन भएको समयमा कविता वाचनका विभिन्न अडियोहरु सुनाइएको,
- गाउँघरमा प्रचलित गीति कविता सङ्कलन गरी वाचन गर्न लगाइएको,
- कविताभित्र समावेश भएका नवीन शब्दको सामूहिक रुपमा उच्चारण शिक्षणको अभ्यास गराइएको,
- गीत अन्ताक्षरी प्रतियोगीता सञ्चालन गरी विद्यार्थीलाई उत्साहित गराइएको,
- शिक्षकद्वारा पर्याप्त रुपमा नमुना वाचनहरु गरिएको,
- सामूहिक वा एकल वाचनमा प्रतिस्पर्धात्मक भावना जागृत गराइएको,

**६. अवलोकनः**

प्रस्तुत कार्यमूलक अनुसन्धान गर्दा उद्देश्य पूरा गर्नका लागि योजनामा उल्लेख भएअनुसारका छलफल, प्रश्नोत्तर र अन्तरक्रियात्मक क्रियाकलाप सञ्चालन गरी कार्यान्वयन गरिसकेपछि मैले फेरी विद्यार्थीहरुमा के कति उपलब्धि हासिल भयो ? अथवा मैले गराएका विविध कार्यकलापहरुले काम गरिरहेका छन् कि छैनन् ? भन्ने जान्न उनीहरुको पुनः परीक्षण गरेँ ।

पुनः परीक्षण गर्दा लज्जाको कारण कविता वाचन गर्ने विद्यार्थीहरु कोही पनि भेटिएनन् भने गति, यति र लयका साथ वाचन गर्ने विद्यार्थीहरु १ बाट बढेर १५ जना पुगे । कक्षाका सबै विद्यार्थीहरु कविता वाचन सिप हासिल गर्न उत्सुक देखिए ।

**७. चिन्तन वा प्रतिबिम्बनः**

योजना अनुसार कार्यान्वयन र कार्यान्वयनको अवलोकन गरेपछि मैले लय वाचनका लागि यसरी नै पर्याप्त क्रियाकलाप गराउनुपर्ने र नमुना वाचन, श्रव्य सामग्री र सामूहिक वाचनमा विशेष समय खर्चिनुपर्ने तथा पहिले पहिले गर्दै आएको शिक्षण सहजीकरण प्रक्रियामा परिवर्तन गर्नुपर्ने देखियो । मैले बनाएका योजनामा राखिएका क्रियाकलापहरुले वास्तवमै राम्रो काम गरिरहेका थिए तर पनि दोस्रो भाषी केही विद्यार्थीहरु र अन्य केहि कमजोर विद्यार्थीमा लयवाचन र अशुद्धोच्चारणको समस्या यथावत् जस्तै देखियो । आफूले निर्धारण गरेको उद्देश्य अधिक रूपमा पुरा भएको निष्कर्ष निकालेर प्रस्तुत कार्यमूलक अनुसन्धानको प्रतिवेदन तयार गरेको छु । प्रथम चक्रमा नै निर्धारण गरेको अपेक्षित उपलब्धि हासिल धेरै जसो हासिल भएको निष्कर्षमा पुगेको छु ।

**८. निष्कर्ष र प्राप्तिको कक्षा कोठामा प्रयोग :**

कार्यमूलक अनुसन्धानको प्रस्तावमा भनेजस्तै गर्दै सिक्दै र सिक्दै गर्दै जाने पद्धति र प्रक्रिया अपनाई अनुसन्धान कार्यलाई कक्षाकोठामा प्रयोग गरेको थिएँ । कार्यमूलक अनुसन्धान प्रस्तावमा निर्धारण गरेको उद्देश्य अधिक रुपमा पुरा भएको अनुभव गर्दै कक्षाकोठामा आवधिक रुपमा कार्यान्वयन गर्ने निष्कर्ष निकालेको छु ।

तयार गर्ने
हेमन्त पराजुली (नि. मा. वि. तृतीय)
सिट रोल नं.
विद्यालयः श्री भगवती नमुना माध्यमिक विद्यालय
कालीगण्डकी-०७, स्याङ्जा